# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/०५ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला रुपन्देही मझगावाँ मालपोत कार्यालयमा कार्यरत नायव सुब्बा हरिप्रसाद पौडेलले जग्गा कित्ताकाट एवं दाखिला खारेज गराई जग्गाधनी प्रमाणपूर्जा दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिइ गएको टोलीले निजलाई लेखापढी व्यवसायी राम लखन पाण्डे मार्फत रु.६,०००/-(छ हजार) र सेवाग्राहीसंग रु.५,०००/-(पाँच हजार) समेत गरी रु.११,०००।–(एघार हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा निज नायव सुब्बा हरिप्रसाद पौडेल र लेखापढी व्यवसायी राम लखन पाण्डेलाई मिति २०७५/०१/०४ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता